# आर.एम.डी.सी.वाट कर्जा विश्लेषण तालिम सम्पन्न

रुरल माइक्रोफाइनान्स डेभलपमेन्ट सेण्टर लि. (RMDC) शाखा कार्यालय, कोहलपुरले केन्द्रीय कार्यालयको सहयोग र सक्षम आयोजनाको सहकार्यमा **कर्जा विश्लेषण** सम्बन्धी २ दिने तालिम बाँकेको  नेपालगञ्ज स्थित होटल सिग्नेट इन कृष्णामा मिति २०७४ भाद्र २५– २६ गते सम्पन्न गरेको छ । तालिममा सेण्टरको कोहलपुर शाखाको कार्यक्षेत्र भित्र रहेका जिल्लाहरु मध्ये १० वटा जिल्लामा रहेका सेण्टरका १६ वटा सहकारी संस्थाहरुका व्यवस्थापक तथा ऋण अधिकृत स्तरका ३० जना सहभागीहरुले भाग लिएका थिए । उक्त कार्यक्रमको सञ्चालन कोहलपुर शाखाका शाखा प्रबन्धक श्री भरत कुमार सिंहले गर्नु भएको थियो । कार्यक्रममा शाखा प्रमुख श्री सिंहले स्वागत मन्तब्य राख्दै कार्यक्रम आयोजना गर्नुको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो ।



उक्त तालिममा मुख्य प्रशिक्षक श्री भोलानाथ रेग्मी रहनु भएको थियो । श्री रेग्मी रुरल माईक्रोफाईनान्स डेभलपमेण्ट सेण्टर लि.मा विगत १४ बर्ष देखि ऋण विभागमा कार्यरत रहनु भएको छ । त्यसैगरी विशेष प्रशिक्षकको रुपमा श्री डम्बर बहादुर शाह रहनु भएको थियो । उहाँ विगत २२ बर्ष देखि किसान बहुउद्देश्यीय सहकारी संस्था लि.मा आबद्ध हुनुहुन्छ । हाल उहाँ उक्त संस्थामा महाप्रवन्धक पदमा कार्यरत रहनु भएको छ । तालिम कार्यक्रममा संस्थाहरुले आफ्ना सदस्यहरुलाई  सुरक्षित तरिकाले ऋण प्रवाह गर्नको लागि ऋणको विश्लेषण गर्ने विभिन्न विधिहरुको बारेमा जानकारी गराइएको थियो । तालिम कार्यक्रममा प्रशिक्षक श्री डम्बर बहादुर शाहले ऋण विश्लेषण गर्नमा सूचना प्रविधिको उपयोगको  बारेमा जानकारी दिनु हुदै ऋण प्रवाह गर्दा ध्यान दिनुपर्ने विविध पक्षहरुको बारेमा जानकारी गराउनु भएको थियो । तालिमको क्रममा मुख्य प्रशिक्षक श्री भोलानाथ रेग्मीले

लघुवित्त/सहकारी कार्यक्रमका ऋण माग गर्ने सदस्यहरुको नगद प्रवाह विवरण तयार गरी त्यसको विश्लेषण गर्ने विधिको बारे छलफल गराउनु भएको थियो । यस क्रममा सहभागीहरुले स्थलगत रुपमा लघुवित्त कार्यक्रमका सदस्यहरुसंग अन्तरक्रिया गरी नगद प्रवाह सम्वन्धी अभ्यासको समेत गरेका थिए । तालिम कार्यक्रमको अन्त्यमा सहभागीहरुले विद्यमान समयमा तालिम महत्वपूर्ण तथा उपयोगी रहेको र तालिममा सिकेका विषयहरु आफ्नो संस्थामा लागू गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । कार्यक्रमको अन्त्यमा मुख्य प्रशिक्षक श्री भोलानाथ रेग्मीले सहभागीहरुलाई प्रमाणपत्र वितरण गरी कार्यक्रमको समापन गर्नु भएको थियो ।

